# ECHO OF HIS CALL

## येशू ख्रीष्टको बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAANS

Editor : S. SAM SELVA RAJ    16 Languages    Associate Editor : Bro. Bhuvan Devkoda

Vol. XX    YEAR OF OUR LORD JESUS CHRIST, 2020 APRIL, MAY, JUNE    No.7


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस्।**

**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह ३७:१–९**

१. दुष्टहरूलाई देखेर झर्को नमान, कुकर्मीहरूप्रति डाही नहोऊ,
२. किनकि तिनीहरू चाँडै घाँसझैं सुकिजानेछन् र हरिया बिरुवाजस्तै ओइलिजानेछन्।
३. परमप्रभुमा भरोसा राख र भलाइ गर, त्यसरी देशमा रहेर सुरक्षाको उपभोग गर्नेछौ।
४. परमप्रभुमा आनन्दित होऊ र उहाँले तिम्रो मनोरथ पूर्ण गर्नुहुनेछ।
५. आफ्नो मार्ग परमप्रभुलाई सुम्प, उहाँमा नै भरोसा राख अनि उहाँले यो गर्नुहुनेछः
६. उहाँले तिम्रो धार्मिकता प्रभातझैं ज्योतिसमान र तिम्रो मामिलाको न्याय मध्य दिनको सूर्यसमान पार्नुहुनेछ।
७. परमप्रभुको सामुन्ने मौन बस र धैर्यपूर्वक उहाँको प्रतीक्षा गर। मानिस आफ्ना कुमार्गमा फलिफाप हुँदा र त्यसले खराब युक्तिहरू कार्यान्वयन गर्दा तिमी झर्को नमान।
८. रिसाउन छोड र क्रोधलाई त्याग। झर्को नमान, यसले खराबी गर्नतिर मात्र ढल्काउँछ।
९. किनकि कुकर्मीहरू बहिष्कृत हुनेछन् तर परमप्रभुको प्रतीक्षा गर्नेहरूले देश अधिकार गर्नेछन्।

# परमेश्वर पर्दापछाडि काम गर्नुहुन्छ

**"किनकि परमप्रभुले यसो भन्नुहुन्छः तिमीहरूले न बतास न त पानीको झरी देख्नेछौ, तापनि यो बेंसी पानीले भरिनेछ र तिमीहरू, तिमीहरूका गाई-गोरु र अरू पशुहरूले पानी पिउनेछन्"** (२ राजा ३:१७)।

**- एन्जलीन एस. हेनरी**

परमेश्वरका मार्गहरू रहस्यमय छन्। उहाँ आफ्ना काम नदोहोऱ्याउने परमेश्वर हुनुहुन्छ। उहाँले हरेक व्यक्तिसँग सामना गर्ने तरिका अद्वितीय छ। त्यो एउटै आवश्यकता/समस्या हो भने पनि उहाँले त्योसँग सामना गर्ने तरिका हरेक समय भिन्दै हुन्छ। धेरै पटक हामी परमेश्वरको अघि आफ्नो मनलाई पहिले नै तयार गरेर आउँछौं। उहाँले विशेष तरिकामा काम गर्नुभएको आशा गर्दै। जब हामीले भनेको तरिकामा उहाँले काम गर्नुहुन्न, हामी निरुत्साहित, निरास र दुःखी बन्छौं। परमेश्वर पर्दापछाडि काम गर्नुहुन्छ भन्ने कुरा हेर्न हामी असफल हुन्छौं। जब हामीले प्रार्थना गर्छौं, हामी प्रार्थनामा केन्द्रित हुनुपर्छ, जवाफको तरिकामा होइन। बाइबलले २ राजा ३:१७ मा भन्दछ, *"किनकि परमप्रभुले यसो भन्नुहुन्छः तिमीहरूले न बतास न त पानीको झरी देख्नेछौ, तापनि यो बेंसी पानीले भरिनेछ।"* हामीले वर्षा, बतास, शीत, पानीको एक झल्को पनि देख्नुपर्ने आवश्यकता छैन– हामीले हेर्न जरुरी कुराचाहिँ बिहानीमा हाम्रा बेंसी भरिएको देख्नु हो।

पहिलो इष्टरचाहिँ परमेश्वरले पर्दापछाडि काम गरिरहनुभएको छ भन्ने बारेमा विशेष उदाहरण हो– त्यतिबेला अन्धकार, एक्लोपना र निरासा र केही पनि नभएको कुराले घेरिएको थियो तर निरासा र भयले भरिएको थियो। मानिसहरू आफ्ना घरबाट बाहिर निस्कन पनि भयभीत भएका थिए। चेलाहरूले आफैंलाई ढोकापछाडि बन्द गरेका थिए। तिनीहरूका एक मात्र अगुवा, जसलाई उनीहरूले भरोसा गर्थे, उहाँलाई क्रूसमा टाँगिएको थियो। अब यसपछि जोकोहीको पनि पालो हुन सक्थ्यो। त्यो पूर्ण आशाहीनताको अवस्थाको समयमा महत्वपूर्ण नभएका, कमजोर र कम आशा गरिएका केही स्त्रीहरू आफ्ना प्रभुलाई भेट्न आफैंलाई तयार गर्दै बिहान सबेरै उठे।

## ढुङ्गा कसले सार्नेछ ?

तापनि तिनीहरू आफ्नै समस्याहरू र भविष्यको भयमा समातिएका थिए। हो, स्त्रीहरूले त्यस्तो व्यक्तिलाई भेट्न गइरहेका थिए, जो मरेकोबाट जीवित भई उठ्नुभएको थियो, तिनीहरूले त्यो व्यक्तिलाई भेट्न लागेका थिए, जसले ५०००

बाँकी पृष्ठ ३ मा

# ECHO OF HIS CALL - SINCE 1969

**OUR MISSION POLICY**

We should expound and teach the contemporary generation the undiluted teachings of the ancient and early Apostles. It is the need of the hour.



**"...शान्तिसित जाऊ अनि इस्राएलका परमेश्वरले तिमीले उहाँसित मागेका कुरा तिमीलाई देऊन्" (१ शमूएल १:१७) ।**

प्रभुमा प्रियहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू खीष्टको अमूल्य नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं ।




दिनहरू चाँडो बितिरहेका छन् । हामीले यो वर्षको एक तिहाइ भाग जिइसकेका छौं । हाम्रा जिम्मेवारीहरू अझै वृद्धि भइरहेका छन् । संसारभरि सुसमाचार नपुगेका मानिसहरूकहाँ केही तरिकामा हामी सुसमाचारको साथमा पुग्नुपरेको छ ।

मानिसहरूका एउटा समूहले सुसमाचारको बारेमा सुनेको छैन । तर मानिसहरूका अर्को समूहले आफूले पहिले नै पाएको दर्शनको साथमा स्थिर भएर रहेका छैनन् । मण्डलीहरूले आफ्नो जिम्मेवारी बिर्सेका छन् र निरन्तर व्यापारको उद्देश्यले कार्य गरिरहेका छन् ।

"यस देशमा डरलाग्दो र बीभत्स काम भएको छ । अगमवक्ताहरू झुट अगमवाणी कहन्छन् । पूजाहारीहरू आफ्नै अधिकारले शासन गर्छन् । अनि मेरा प्रजाचाहिँ यूतै हुन रुचाउँछन् । तर आखिरमा तिमीहरू के गर्नेछौ ?" (यर्मिया ५:३०, ३१) ।

"रात आउँछ, जब कसैले काम गर्न सक्दैन" (यूहन्ना ९:४) । "तँ मानिसहरूसित दगुरिस् र तिनीहरूले तँलाई थकाए भने घोडाहरूसित तँ कसरी दगुर्न सक्छस् र ? सुरक्षित स्थानमा नै तँ लोटिस् भने यर्दननेरका झाडीहरूमा तँ के गर्छस् ?" (यर्मिया १२:५) । "मेरा प्रजाहरूका बीचमा दुष्ट मानिसहरू छन् । पन्क्षीका शिकारीहरूजस्तै तिनीहरू ढुकिबस्छन्..." (यर्मिया ५:२६) । "सबैभन्दा सानादेखि लिएर सबैभन्दा ठूलासम्म धन-सम्पत्ति पाउनलाई तिनीहरू सबै लोभी भएका छन् । अगमवक्ता र पूजाहारी सबै छली कुरा गर्दछन् । मेरो प्रजाको चोटलाई साह्रो नभएझैं गरी तिनीहरूले मलहमपट्टी बाँधेका छन् । शान्ति नै नहुँदा पनि शान्ति, शान्ति भन्छन्" (यर्मिया ६:१३, १४) । "दोबाटोमा उभिएर हेर, प्राचीन मार्गहरूका विषयमा सोध । असल मार्ग कहाँ छ, त्यो सोध र त्यसैमा हिंड र तिमीहरूले आफ्नो प्राणको निम्ति विश्राम पाउनेछौ । तर तिमीहरूले भन्यौ, हामी त्यसमा हिंड्नेछैनौं" (यर्मिया ६:१६) ।

यो अवस्थमा हामीमा बृहत् आत्मविश्वासको साथमा खीष्टको प्रेमले हामीलाई सुसमाचार प्रचार गर्न बाध्य बनाउँछ (२ कोरिन्थी ५:१४) । हाम्रा हातमा भएको सुसमाचारको साथमा हामी संसारमा जानुपरेको छ । हामीले परमेश्वरको इन्साफ र परमेश्वरको अनन्त राज्यको बारेमा हाम्रा परिवारका सदस्यहरू र छिमेकीहरूलाई बलियो रूपमा बताउनु जरुरी छ, जुन चाँडै नै आउन लागेको छ । हामीले सारा संसारका सबै मानिसहरूलाई सम्पूर्ण सुसमाचार घोषणा गर्नु जरुरी छ ।

ढल्किएका मण्डलीका परिवारहरूससँग आरामदायी मण्डली भवनहरूमा बस्न पर्याप्त भएको छ । के हामीले ठूलो सङ्ख्याका मानिसहरूका भविष्यको विनाशको बारेमा सोच्दैनौं, जसले सत्यता जानेका छैनन् र आफ्नो अन्त्यतिर गइरहेका छन् ?

खुल्ला भएर आउनुहोस् र वर्तमान पुस्तालाई येशू खीष्ट र उहाँको सर्वोच्चताको शक्ति घोषणा गर्नुहोस् । परमप्रभु शत्रुसँग सामना गरिरहनुभएको छ, जो भयानक तरिकामा खडा भएको छ । यो

CHIEF EDITORS
Pastor S. Sam Selva Raj
Angeline Selvakumari Henry, M.A., M.Ed.
MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
ADMINISTRATION
Bro. N. Prakasam, M.A., General Manager
EDITORIAL BOARD
Sis. Jesy Veena Sam
Bro. M. Paulraj, M.A., B.Ed.
Sis. Serena Bevin, M.A., M. Phil., B.Ed.
ADVISORY BOARD
Adv. Jose Abraham
Adv. N. Balaji, B.Com., B.L.
Dr. S. Rabinder Boaz, M.S.
Er. C.G.S. Baburao, B.Tech., M.Tech. (DM)
Aud. K. Puratchivendan, M.Com., B.L.
Bro. Rajeswaran Samuel, B.Com.
PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
**Echo of His Call Printers**
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
**Phone :** (+91-44) 2852 8282
2852 9293, 2854 7766
**Email :** sam@echoofhiscall.org
biblecor@yahoo.co.in
**Websites :**
www.echoofhiscall.org
www.echoofhiscall.com

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners Village English High School Crusades 100 Prayer Warriors Community Development

समय आराम गर्ने समय होइन र हामी सबैले आकस्मिक रूपमा काम गर्नुपरेको छ। हरेक तरिकाले– कुनै पनि मूल्यमा– कुनै पनि तरिकामा– हरेक तरिकामा– केहीलाई भए पनि विनाशबाट बचाउन अगाडि आउनुहोस् ।

अहो, परमेश्वरका मानिसहरू, जसमा परमेश्वरको सेवा गर्ने दर्शन छ तर मण्डलीहरू, प्रशासनहरू र संसारभित्र बाँधिएका छन्, बाहिर निस्कनुहोस् र आफ्नो शरीर, आत्मा र प्राणलाई परमेश्वरको सेवाको निम्ति समर्पित गर्नुहोस् ।

हाम्रो अघि ठूलो कटनी रहेको छ । परमेश्वरको सेवकामा अगाडि जान सक्ने मानिसहरूको आवश्यकता रहेको छ। तपाईंको जीवनकाल अन्त्य हुनुअघि र तपाईंको मौका गुम्नुअघि नै उहाँको निम्ति काम गर्न अगाडि आउनुहोस्। आजको आकस्मिक जिम्मेवारी सुसमाचार फैलाउनु हो ।

**येशू ख्रीष्टको सेवामा**
**एस. साम सेल्भाराज**

---

पृष्ठ १ बाट

जनालाई ५ रोटी र २ माछाबाट खुवाउनुभएको थियो तर तिनीहरू चिन्ता र फिक्रस्को आफ्नै जालमा अल्झिएका थिए । धेरै पटक हामी परमेश्वरको उपस्थितिमा आउँछौं तर हामी आफ्नै समस्याहरू र लडाइँहरूमा समातिन्छौं । त्यो बिहानी तिनीहरूका समस्या के थियो ? "हाम्रो निम्ति त्यो ढुङ्गा कसले हटाउनेछ ?"

कहिलेकाहीँ परमेश्वरले हाम्रो जीवनमा गर्नुभएका सबै आश्चर्यकर्महरू बिर्सन्छौं, हामीले समस्याको सामना गर्ने क्षणमा नै हामीले परमेश्वरको अस्तित्वको बारेमा प्रश्न गर्न सुरु गर्छौं । जब परमेश्वरले हाम्रो प्रार्थनको जवाफ दिनुहुन्न, परमेश्वर शक्तिशाली हुनुहुन्छ, उहाँले सबै थोक गर्न सक्नुहुन्छ, उहाँ अत्यन्तै सक्षम हुनुहुन्छ भनेर मलाई थाहा छ तर अहिले मेरो अवस्था दयनीय छ भनेर हामीले भन्छौं । यसले सहायता गर्न सक्दैन । अहिले परमेश्वर कहाँ हुनुहुन्छ ? हामीले विगतमा सामना गरेका सबै शक्तिशाली जम्काभेट एउटै निरासाले भत्काउन पर्याप्त हुन्छ ।

## त्यो अत्यन्तै ठूलो ढुङ्गा थियो:

बाइबलले मर्कूस १६:४ मा भन्दछ, ढुङ्गा अत्यन्तै ठूलो थियो । आज हामीले भन्न सक्छौं, समस्याचाहिँ (ढुङ्गा) मैले सामना गरिरहेको समस्या मात्रै होइन, त्यो ठूलो मात्रै होइन तर **अत्यन्तै ठूलो** छ। मलाई सहायता गर्न कोही आवश्यकता छ, मेरो पक्षमा त्यसलाई हटाउन मलाई कसैको आवश्यकता छैन तर त्यो कसले गर्न लागेको छ ?

*व्यवस्था ८:१५,१६ ले भन्दछ,* "उहाँले तिमीहरूलाई विषालु सर्प र बिच्छीहरू भएको, निर्जल र रूखो भूमि भएको विशाल र भयानक उजाड-स्थानको बीचमा डोऱ्याउनुभयो... ताकि तिमीहरूको भलो होस् ।"

*कहिलेकाहीँ परमेश्वरले हामीलाई अँध्यारो, ठूलो उजाड-स्थानबाट भएर लैजानुहुन्छ ताकि पछिका दिनहरूमा तपाईंले आशिष् पाउनुभएको होस् ।* तपाईं बिच्छी, ठूला सर्पजस्ता भयानक कुराहरूले घेरिएको हुन सक्नुहुन्छ, जसले तपाईंलाई मार्न पर्खिरहेको छ, तपाईं पतन भएको हेर्न पर्खिरहेको छ । तपाईं दूर्घटनावश निस्कनुभयो भने पनि तपाईंको विनाश गरिनेछ भन्नेजस्तो देखिन्छ, तपाईं पतन भएको हेर्न पर्खिरहेको छ । तर तपाईंलाई थाहा छ, बाइबलले के भन्दछ, "म तिमीलाई सर्पहरू, बिच्छी, ठूला, सुख्खा उजाड-स्थानबाट भएर अगुवाइ गरिरहेको छु ।" बलियो र निडर हुनुहोस् । अन्त्यको परिणाम असल हुन्छ ।

## तिनीहरूले माथि हेरे ।

मर्कूस १६:४ ले भन्दछ, "तर जब तिनीहरूले माथि हेरे ।" तपाईंले सामना गरिरहनुभएको समस्या ठूलो र महत्वपूर्ण छ, यसले तपाईंको निद्रा, तपाईंको खुसीलाई खल्बल्याउँछ, यसले तपाईंको दैनिक जीवनलाई समस्या पारिरहेको छ र तपाईंको शारीरिक, मानसिक र भावनात्मक अवस्थालाई असर पुऱ्याउँछ । तर बाइबलले भन्दछ, जब तिनीहरूले माथि हेरे, **तिनीहरूले ढुङ्गा हटाइएको देखे ।** जब तिनीहरूले माथि हेरे– यसको अर्थ तिनीहरूले माथि हेरे भन्ने होइन तर तिनीहरूले अगाडि हेरे– अगाडि– तिनीहरूले देख्न सक्नेभन्दा अझ पर हेर्दै– जब तिनीहरूले त्यसो गरे, त्यो कुराले स्त्रीहरूको जीवन परिवर्तन गऱ्यो । प्रिय मित्रहरू, तपाईंले ठूलो ढुङ्गाको सामना गरिरहनुभएको हुन सक्छ, कृपया माथि हेर्नुहोस्– तपाईंको समस्याभन्दा टाढा हेर्नुहोस् । तपाईंले ढुङ्गा हटाइएको देख्नुहुनेछ । तपाईंको अगाडि खडा भइरहेको ढुङ्गापछाडि रहेको आशिष् हेर्न परमेश्वरलाई देखाउनुहोस् भन्नुहोस् । परमेश्वरले पर्दापछाडि काम गर्नुहुन्छ। हुन सक्छ, तिनीहरू त्यो बिहानी उठ्नुअघि नै परमेश्वरले ढुङ्गा हटाउनुहुन्छ । परमेश्वरमाथि प्रतिक्षा गर्नेहरूका निम्ति काम गर्ने परमेश्वर हामीसँग हुनुहुन्छ (यशैया ६४:४)। उहाँले सबै थोक सुन्दर बनाउनुहुन्छ, तपाईंले ती कुराहरू सही समयमा देख्नुहुनेछ। त्यो बेलासम्म तपाईं धैर्यवान हुनुहोस् र तपाईंको निम्ति उहाँले के राख्नुभएको छ भनेर हेर्नुहोस् ।

## मोशाको लौरो परमेश्वरको लौरोमा रूपान्तरण हुन्छः

प्रस्थान ४ अध्यायमा परमेश्वरले मोशालाई जलिरहेको पोथ्राबाट बोलाउनुभएको हामीले देख्छौं। मोशाले केवल जलिरहेको पोथ्रा देख्न सक्थे । उनको भविष्यलाई बनाउनुहुने परमेश्वर जलिरहेको पोथ्रापछाडि हुनुहुन्थ्यो भनेर तिनले देख्न सकेनन्। परमेश्वरले काम गर्नुभएको थियो। पर्दापछाडि।

परमेश्वरको बोलावटलाई महसुस गर्न मोशालाई सहायता गर्नको निम्ति परमेश्वरले आफू को हुनुहुन्थ्यो भनेर देखाउन चाहनुभयो । त्यसैले उहाँले मोशालाई एउटा सामान्य काम गर्न लगाउनुभयो, गोठालोको लौरो भूइँमा फाल्ने र त्यो सर्पमा परिणत भयो । जब मोशाले सर्प देखे, **उनी भागे ।** जीवनमा चुनौतिहरू सामना गर्न नसक्ने मानिस तिनी थिए । तिनी सजिलै छोड्न चाहने प्रकारका मानिस थिए । तिनी समस्याहरूमा खडा हुन र सामना गर्न नसक्ने मानिस थिए। तिनले आफ्नो जिम्मेवारीहरूबाट भाग्न कुनै पनि बहाना प्रयोग गर्थे । मोशाको चरित्र त्यस्तो प्रकारको थियो। यो पहिलो पटक भएको थिएन, जब उनले एक जना मिश्रीलाई मारे, तिनी भागे, तिनी भगुवा र छाड्ने व्यक्ति थिए । आफ्ना समस्याहरूको विरुद्धमा लडाइँ गर्ने वा सामना गर्ने साहस तिनमा थिएन । मानिसको रूपमा हामीले आफ्ना असफलताहरू, निरासाहरू र भयसँग सामना गर्न सङ्घर्ष गर्छौं। हामी मोशाजस्तै गरी भाग्छौं। तर याद राख्नुहोस्, हामीसँग अचम्मको शक्तिशाली परमेश्वर हुनुहुन्छ । तपाईं नदेखे पनि उहाँले काम गर्नुहुन्छ ।

## आफ्नो हात बढाउनुहोस् ।

"तब परमेश्वरले मोशालाई भन्नुभयो, तेरो हात लम्काएर त्यसको पुच्छरमा समात् । अनि मोशाले हात लम्काएर समाते र त्यो तिनको हातमा फेरि लठ्ठी नै भइहाल्यो" (प्रस्थान ४:४) ।

सर्प निरन्तर सर्पको रूपमा नै रहिरहनेछ। तर तपाईं निहरिनुपर्नेछ, नजिक जानुपर्नेछ र हात लम्काउनुपर्नेछ र त्यसलाई आफ्नै हातले छुनुपर्नेछ, त्यसपछि तपाईंले आश्चर्यकर्म देख्नुहुनेछ । त्यो नभएसम्म सर्प सर्पकै रूपमा रहिरहनेछ, जसले तपाईंलाई नष्ट गर्नेछ तर तपाईंले परमेश्वरको शक्तिको साथमा त्यसलाई छुनुहुन्छ भने, सोही सर्प तपाईंको हातमा लौरो बन्नेछ ।

लौरो उजाड-स्थानमा भेडाहरूको वास्ता गर्न प्रयोग गरिन्थ्यो । तर परमेश्वरसँगको यस्तो जम्काभेटपछि सोही लौरो अत्यन्तै शक्तिशाली, आश्चर्यकर्म गर्ने र धेरै मानिसहरूको जीवन परिवर्तन गर्ने कुरा बन्यो । "हात लम्काऊ" परमेश्वरले तपाईंलाई अघि बढ्न भनिरहनुभएको छ, जुन कुराले तपाईंलाई तर्साउँछ, तपाईंलाई सताउँछ, त्यही कुरा शक्तिशाली बन्नेछ र तपाईंको निम्ति मात्रै होइन तर तपाईं वरिपरि भएका अन्य मानिसहरूलाई समेत ठूलो आशिष् ल्याउँछ। त्यो गोठालोको लौरो मात्रै होइन, त्यो परमेश्वरको लौरो बनेको छ । त्यो अब परमेश्वरको औजार बनेको छ ।

अब तपाईं डराउनुभएको कुराको बारेमा सोच्नुहोस् । तपाईंको मार्गमा खडा भइरहेको देखिने **बाधा दिने** ठूलो ढुङ्गालाई तपाईंले परमेश्वरको आशिष्‌तर्फ अघि **बढ्ने ढुङ्गा** बन्नेछ भनेर तपाईंले सोच्नुहुन्छ । वरपर हेर्नुहोस् र तपाईंलाई धपाइरहेको कुरालाई परमेश्वरको शक्तिको साथमा सामना गर्नुहोस्, परमप्रभुले के गर्न सक्नुहुन्छ भनेर तपाईं आश्चर्यचकित बन्नुहुनेछ । **जब मोशाले आफ्नो भयलाई सामना गरे, तिनको लौरो परमेश्वरको लौरो बन्यो ।**

प्यारा मित्रहरू, तपाईंले केवल ढुङ्गा देख्नुहुन्छ। तर याद राख्नुहोस्, परमेश्वर पर्दापछाडि काम गरिरहनुभएको छ । स्त्रीहरूले ढुङ्गाको बारेमा कुराकानी गरिरहेका थिए... कसले सहायता गर्नेछ भन्ने बारेमा सोचिरहेकी । तर तिनीहरू त्यहाँ पुग्नुअघि नै परमेश्वरले आश्चर्यकर्म गर्नुभहुनछ र ढुङ्गा हटाउनुहुन्छ। याद राख्नुहोस्, उहाँले आफ्नो समयमा सबै थोकहरू सुन्दर बनाउनुहुनेछ । उहाँले तपाईंको निम्ति ढुङ्गा हटाउनुहुनेछ । तर उहाँले यो आफ्नो समयमा आफ्नो तरिकामा गर्नुहुनेछ ।

त्यसैले पहिलो इस्टर आशाको कथा कनेको थियो । इस्टर यो कुरा सम्झने समय हो:

मैले त्यो नदेखे पनि तपाईंले काम गरिरहनुभएको छ

मैले त्यो महसुस नगरे पनि तपाईंले काम गरिरहनुभएको छ

तपाईं कहिल्यै रोकिनुहुन्न । तपाईंले कहिल्यै काम गर्न रोक्नुहुन्न

तपाईं कहिल्यै रोकिनुहुन्न । तपाईंले कहिल्यै काम गर्न रोक्नुहुन्न

(ओसिनाची जोसेफद्वारा वे मेकर)

---

# जीवनको नदी

**"...तर अब त्यो तर्न नसकिने नदी भयो किनभने पानी बढेको थियो र त्यो पौडन सक्ने गहिरो भएको थियो– वारपार गर्न नसकिने त्यो एउटा नदी भएको थियो"** (इजकिएल ४७:५) ।

**- पा. डेभिड विल्कर्सन**

अगमवक्ता इजकिएललाई अचम्मलाग्दो दर्शन दिइएको थियो । परमेश्वरको हातले इजकिएललाई अत्यन्तै उच्च पहाडमा लैजानुभयो, जहाँ एक जना मानिस तिनको अघि प्रकट भए, "जसको अनुहार काँसाजस्तै थियो" (इजकिएल ४०:३) । यूहन्नाले यस्तै प्रकारको मानिसको बारेमा वर्णन गरेका छन्, जो पत्मोस टापुमा तिनीसँग प्रकट भएका थिए: "उहाँका पाउहरू आगोको भट्टीमा खारेर टल्काएका काँसाजस्ता थिए" (प्रकाश १:१५) ।

यी दुवै खण्डमा उल्लेख गरिएको व्यक्ति अरू कोही नभएर खीष्ट आफैं हुनुहुन्छ । उहाँले नै इजकिएललाई परमेश्वरको घरको ढोकासम्म लैजानुभयो, जहाँ उहाँले अगमवक्तालाई अचम्मको दर्शन दिनुभयो । त्योचाहिँ परमेश्वरका मानिसहरूका भविष्यको दर्शन थियो, अन्तको समय नजिकै आउँदै गर्दा खीष्टको शरीर कस्तो बन्नेछ भनेर प्रकट गर्दै ।

"तब ती मानिसले मलाई फर्काएर मन्दिरको प्रवेशद्वारमा ल्याए र मैले मन्दिरको सँघारको मुन्तिर पानी आइरहेको र पूर्वतीर बगिरहेको देखें किनभने मन्दिर पूर्वतिर फर्केको थियो । पानी मन्दिरको दक्षिणबाट, बेदीको दक्षिणपट्टीबाट बगिरहेको थियो ।"

"जब ती मानिस एउटा नाप्ने टाँगो हातमा लिएर पूर्वतिर गए, तब तिनले एक हजार हात नापे र गोलीगाँठासम्म गहिरो पानीबाट मलाई हिँड्न लगाए र तिनले अरू एक हजार हात नापे र मलाई घुँडासम्मको पानीबाट हिँड्न लगाए । तिनले अरू एक हजार हात नापे र मलाई कम्मरसम्मको पानीबाट हिँड्न लगाए। तब तिनले अरू एक हजार हात नापे तर अब त्यो तर्न नसकिने नदी भयो किनभने पानी बढेको थियो ।"

"तब तिनले मलाई फेरि त्यस नदीको किनारमा लगे । नदीका दुवै किनारमा अनेक किसिमका फलफूलका रूखहरू उम्रनेछन् । तिनीहरूका पात ओइलाउनेछैनन्। तिनीहरूका फलहरू कहिल्यै शेष हुनेछैनन् । तिनीहरूले हरेक महिना नै फल दिनेछन् किनभने पवित्रस्थानदेखि तिनीहरूमा पानी बग्छ । तिनीहरूका फल खानाको निम्ति र तिनीहरूका पातचाहिँ आरोग्यको लागि हुनेछ" (इजकिएल ४७:१, ३-६, १२) ।

बाइबलमा सधैं पानीको तस्वीरले परमेश्वरको आत्मालाई प्रतिनिधित्व गर्दछ ।

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### प्रशंसाका बुँदाहरू

अप्रिल १९: १६ मार्च, २०२० मा भएको हाम्रो अलुम्नी बैठकमा परमेश्वरले आशिष् दिनुभयो ।

अप्रिल २०: सुसमाचार प्रचार गर्न सुसमाचार नपुगेका स्थानहरूमा प्रवेश गर्न परमेश्वरले हामीलाई अनुग्रहपूर्वक सहायता गर्नुभयो ।

अप्रिल २१: हाम्रा सेवकाइहरूमा भएका सम्पूर्ण समर्पित कर्मचारीहरूका निम्ति हामी परमेश्वरलाई प्रशंसार गर्छौं ।

अप्रिल २२: हामीले हाम्रा मिसन क्षेत्रका कार्यहरूका बारेमा असल प्रतिवेदनहरू पाएका छौं ।

अप्रिल २३: हाम्रो मुख्य मण्डलीमा हरेक आइतवार ५ वटा भाषामा ७ वटा सेवाहरूको निम्ति परमेश्वरको प्रशंसा गरौं ।

अप्रिल २४: हाम्रा सम्पूर्ण सहसम्पादकहरूका निम्ति परमेश्वरको प्रशंसा गरौं ।

अप्रिल २५: हाम्रो छापाखानामा १६ भाषाहरूमा हाम्रो सुसमाचारका साहित्य छापिन र मिसन क्षेत्रमा पठाउन परमेश्वरले आशिष् दिनुभयो ।

अप्रिल २६: हाम्रो अस्पतालको सेवकाइमा हाम्रो प्रभुले आश्चर्यकर्म गरिरहनुभएको छ ।

अप्रिल २७: हाम्रो बोलावटको प्रतिध्वनिका सेवकाइहरूका सम्पूर्ण सहयोगीहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

अप्रिल २८: हाम्रो बालसंगतिमा नयाँ सदस्यहरू थपिदिएर परमेश्वरले आशिष् दिनुभएको छ ।

अप्रिल २९: हाम्रा मण्डलीहरूमा नयाँ आत्माहरूका साथमा परमेश्वरले हामीलाई आशिष् दिनुभएको छ ।

अप्रिल ३०: हाम्रो प्रभुले हाम्रो सिनियर पास्टर, एस. साम सेल्भाराज र उहाँको परिवारलाई सबै दुष्ट शक्तिहरूबाट जोगाइरहनुभएको छ ।

मई १: विगतको महिनामा हाम्रो बोलावटको प्रतिध्वनि सेवकाइहरूका सबै क्रियाकलापहरूमा परमेश्वरले आशिष् दिनुभयो ।

मई २: परमेश्वरले हाम्रो मिसनको क्षेत्रमा नयाँ कर्मचारीहरू दिनुभएको छ ।

मई ३: परमप्रभु परमेश्वरले हाम्रो सुसमाचारीय छापाखाना र कर्मचारीलाई आशिष् दिनुभयो ।

### प्रार्थनाको निम्ति बुँदाहरू

मई ४: यो महिनामा बोलावटको प्रतिध्वनि सेवकाइहरूका सम्पूर्ण आर्थिक आवश्यकताहरू परमेश्वरले पूरा गरिदिनुभएको होस् भनी प्रार्थना गरौं ।

मई ५: शैक्षिक सत्र २०२०-२०२१ को निम्ति सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको निम्ति नयाँ विद्यार्थीहरूका निम्ति ।

मई ६: हामी भारत र अन्य देशहरूमा राजनैतिक शान्तिको आशा गर्दछौं ।

मई ७: संसारमा भएका सबै देशहरूका सीमा क्षेत्रहरूमा शान्तिको लागि प्रार्थना गरौं ।

मई ८: परमेश्वरले संसारका सम्पूर्ण मिसनरीहरूलाई सुरक्षा दिनुभएको होस् ।

मई ९: हाम्रो सहसम्पादक भाइ एम. पावलराजले लेख्नुभएको “परमेश्वरको राज्य” शीर्षकको अङ्ग्रेजी पुस्तक चाँडै नै प्रकाशन गर्न परमेश्वरले हामीलाई सहायता गरून् ।

मई १०: हाम्रा अफ्रिकान्स सहसम्पादक बहिनी मारिटिजी नेल्सनको स्वास्थ्यको निम्ति प्रार्थना गरौं ।

मई ११: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूका सिनियर सदस्यहरूका निम्ति प्रार्थना गरौं ।

मई १२: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहक वर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरूका निम्ति प्रार्थना गरौं ।

मई १३: परमेश्वरले सम्पूर्ण संसारमा जागृति पठाउनुभएको होस् ।

मई १४: शैक्षिक सत्र २०२०-२०२१ को निम्ति हाम्रो नहेम्याह बाइबल कलेजहरूका निम्ति परमेश्वरले समर्पित विद्यार्थीहरू दिनुभएको होस् ।

मई १५: १३ जून, २०२० मा हुन लागिरहेको हाम्रो नहेम्याह बाइबल कलेजको दीक्षान्त समारोहरूको निम्ति प्रार्थना गरौं ।

मई १६: वृद्धाश्रममा भएका सबै मानिसहरूका निम्ति प्रार्थना गरौं ।

मई १७: बोलावटको प्रतिध्वनि सेवकाइका बहुसाङ्खिक क्रियाकलापहरूको निम्ति प्रार्थना गरौं ।

मई १८: दुर्गम क्षेत्रहरूमा सुसमाचार प्रचार गरिरहेका हरेक मानिसको निम्ति प्रार्थना गरौं ।

पृष्ठ ४ बाट

यो दर्शनले अन्तको दिनहरूमा पवित्र आत्माको शक्तिशाली खन्याइको बारेमा स्पष्ट रूपमा प्रकट गर्दछ। दर्शन यति शक्तिशाली, क्षमतामा यति महान्, इजकिएलले यसलाई वर्णन गर्न सकेनन्। तिनले यसको अर्थमा कुनै टिप्पणी पनि गर्न सकेनन्, तिनले गर्न सक्ने कुराचाहिँ दर्शन पूरा हुनुभन्दा अघि नै त्यसलाई अभिलेख गर्ने थियो, परमप्रभुले रोक्नुभयो र इजकिएललाई सोध्नुभयो, "के तिमीले यो देखेका छौ ?" (इजकिएल ४७:६)।

यो दर्शनले इजकिएललाई अचम्ममा पारेको हुनुपर्छ, सायद तिनले यो दर्शन बुझेनन्। पुरानो करारका सबै अगमवक्ताहरू खीष्टको दर्शनमा सीमित भएका थिए।

## पवित्र आत्माको खन्याइ

"जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानीका खोलाहरू बगिनिस्कनेछन्" (यूहन्ना ७:३८)।

अन्त्यको दिनमा येशू खीष्टको मण्डली सम्पूर्ण इतिहासमा भन्दा पनि अझ धेरै महिमित, अति विजयी हुनेछ भनेर इजकिएललाई देखाइएको थियो। उहाँको मण्डली शक्ति र महिमाको चमकमा अगि जानेछ। यसले येशूको पूर्ण प्रकाशमा आनन्द गर्नेछ, जुन कसैलाई पनि थाहा भएको छैन।

मण्डलीले पहिलो शताब्दीको मण्डली र वास्तविक प्रेरितहरूतिर फर्केर हेर्दछ। जब ती सबै जना कोठामा भेला भएका थिए, पवित्र आत्माको खन्याइ पूर्णरूपमा थियो। "अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो र तिनीहरू बसेको पूरा घरै भरिदियो। आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे। अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे" (प्रेरित २:२-४)। पवित्र आत्माको यो खन्याइचाहिँ योएल २:२८, २९) मा भएको एउटा प्रतिज्ञाको पूर्णता हो। घरमा भेला भएको सबै १२० जनाले नै विभिन्न भाषाहरूमा बोले र तिनीहरूका वरिपरि भएका मानिसहरूचाहिँ अत्यन्तै आश्चर्यमा परेका थिए। प्रेरितहरू पवित्र आत्माले भरिएका थिए र मानिसहरूका अघि धेरै आश्चर्यकर्महरू गरे। बढ्दै गरिरहेका सुरुका मण्डली आश्चर्यकर्महरूले भरिएका थिए। तिनीहरूले पवित्र आत्माको शक्तिको पूर्णता महसुस गरेका थिए।

यी अन्तिम दिनहरूमा पनि परमप्रभुले आफ्नो आत्मा खन्याउनमा विश्वासयोग्य हुनुहुन्छ।

बगिरहेको पानीको बारेमा इजकिएलको दर्शनमा परमेश्वरले ठीक यही कुरा देखाइरहनुभएको छ (इजकिएल ४७:१-२)। जब चेलाहरूलाई पवित्र आत्मा दिइएको थियो, यो बढिरहेको बगिरहेको पानी पेन्तिकोसको तस्वीर हो। यो बगिरहेको नदीको जिउँदो पानी पवित्र आत्मा हुनुहुन्छ, त्यसपछि पेन्तिकोसचाहिँ परमेश्वरको उपस्थितिको सम्पूर्ण महिमा र प्रदर्शनको साथमा शक्तिशाली सुरुवात थियो। जब अगमवक्ता नदीमा अघि बढ्दै गए, त्यो गहिरो हुँदै गयो र अन्त्यमा त्यो पौडिन सक्ने गहिरो बन्यो।

मण्डलीको अस्तित्वको पहिलो केही शताब्दीहरूका निम्ति परमेश्वरका मानिसहरू सताइए र दासत्वमा परे। त्यसपछि जब सम्राट कन्स्टाटाइन शक्तिमा आए, उनले दासत्वमा भएका सबै सेवकहरू र विश्वासीहरूलाई स्वतन्त्र बनाए। उनले साम्राज्यको आधिकारिक धर्म खीष्टियान विश्वास भनेर घोषणा पनि गरे।

तैपनि, वास्तवमा सतावटका ती वर्षहरूको समयमा मण्डली अत्याधिक वृद्धि भएको थियो। त्योचाहिँ जब नदी गहिरो भयो, सन्तहरू परमेश्वरको वचन र खीष्टको वचनमा अत्यन्तै वृद्धि भएका थिए।

मार्टिन लूथर अर्को एउटा भाँडो थिए, जसले खीष्टको शरीरलाई विश्वासको नयाँ बहावमा ल्याएका थिए। जागृतिको समयमा बगेको पानी परमेश्वरका मानिसहरूको पक्षमा खडा भएको थियो किनकि तिनीहरू क्रूसको महान् प्रकाशमा वृद्धि भएका थिए र तिनीहरूले खीष्टको शक्ति र महिमाको गहन ज्ञान प्राप्त गरेका थिए।

## प्रभुको आगमनअघि जीवनको नदी बगिनिस्कनेछ।

इजकिएललाई दिइएको दर्शनमा यही कुरा पहिले नै बताइएको छ। परमेश्वरले अगमवक्तालाई अचम्मको यात्रामा लैजानुभयो। नाप्ने नापो लिएर परमप्रभुले करिब १००० क्यूबिक नाप्नुभयो, जुन एक माइलको एक तिहाइ हुन्छ। त्यो दूरीमा परमप्रभु र इजकिएल पानीमा हिँड्न सुरु गर्नुभयो। यो बिन्दुमा पानीको बहाव घुँडासम्म थियो। अनि परमप्रभुले अगमवक्तालाई निरन्तर अगाडि, गहिराइतिर पानीमा थप अघि बढ्न आग्रह गर्नुभयो। अर्को १००० क्यूबिकपटि, पानी तिनको कम्मरसम्म आयो।

अनि इजकिएल यो नापको छेउमा पुगे, तिनले भने पानी तिनको निम्ति अत्यन्तै गहिरो, अत्यन्तै ठूलो थियो। *"अब त्यो तर्न नसकिने नदी भयो किनभने पानी बढेको थियो र त्यो पौडन सक्ने गहिरो भएको थियो"* (इजकिएल ४७:५)।

इजकिएलको दर्शनमा प्रकट भएको यो सोही नदीको झल्को अगमवक्ता यशैयाले पाएका थिए। तैपनि यशैयाले अगमवक्ताअनुसार देखे पनि अन्तिम दिनमा परमेश्वरका मानिसहरूले सम्पूर्ण शैतानका आक्रमणहरूका विरुद्ध ठूलो सुरक्षामा आनन्द गर्नेछन्: *"पतवारले चलाइने डुङ्गाहरू त्यहाँ चल्नेछैनन्, ठूलो जहाज पनि त्यहाँ जानेछैन"* (यशैया ३३:२१)। यशैयाले यहाँ दासहरूले चलाउने लडाइँका जहाजहरूका बारेमा कुरा गरिरहेका छन्। उनले हामीलाई शत्रु, दियाबलसको तस्वीर दिइरहेका छन्, किनकि त्यसले महान् पानीमा पौडने सबैमाथि आक्रमण गर्ने कोसिस गर्छ। अनि त्योचाहिँ पूर्ण अन्योलताको तस्वीर हो।

परमेश्वरले यी खण्डहरूमा हामीलाई यो कुरा स्पष्ट पारिरहनुभएको छ: उहाँको जिउँदो पानी शैतानलाई निषेध गरिएको छ। *"मेरो ज्यानको खेदो गर्नेहरू शर्ममा परून् र तिनीहरू अपमानित होऊन्। मेरो विरुद्धमा उपाय रच्नेहरू लखेटिऊन् र अलमल्लमा परून्...*

*परमप्रभुका स्वर्गदूतले तिनीहरूलाई लखेटून्... परमप्रभुका दूतले तिनीहरूलाई लखेटि नै रहून्"* (भजनसंग्रह ३५:४-६) ।

## आत्मिक मृत्युबाट जीवित भएको

*"त्यो नदी बगेको ठाउँमा थुप्रै जीवित प्राणीहरू बस्नेछन्, जहाँ त्यो नदी बग्छ, त्यहाँ जेसुकै पनि बाँच्नेछ"* (इजकिएल ४७:९) ।

जब इजकिएल नदीको किनारमा फर्किए, तिनी आश्चर्यचकित भएर खडा भए । जब तिनले पछाडि फर्केर हेरे, तिनले नदीको दुवै किनासमा "अत्यन्तै धेरै रूखहरू" देखे । यी रूखहरूलाई बगिरहेको पानीबाट जीवन दिइएको थियो । तिनीहरूले पात फैलाए, जुन कहिल्यै सुकेन र त्यसका फलहरूले अचम्मको चङ्गाइ ल्याएको थियो । यी उच्च, फल फलाउने रूखहरूमा हरेक स्थानमा जीवन फुलेको थियो ।

हो, परमेश्वरको नदी जहाँ गए पनि जीवन ल्याउनेछ । तैपनि यी अन्तिम दिनहरूमा हामीले मृत्यु सम्बन्धित बाढीलाई पनि हेर्न लागेका छौं:

धेरै मानिसहरू भयानक रोगहरूले मरिरहेका छन् ।

धेरै जनाको प्रेम मर्नेछ । येशूको भनाइअनुसार, *"धेरै जनाको प्रेम सेलाएर जानेछ"* (मत्ती २४:१२) ।

पावलले थप्छन्, गिल्ला गर्नेहरू आउनेछन्, ख्रीष्टको आगमनको सन्देशलाई गिज्याउँछन् । तिनीहरूले उहाँको प्रकटको आशा गर्ने अन्य सन्तहरूलाई मृत्युमा राख्नेछन् । तिनीहरूका गिल्लाले मृत्युमा नैतिकता र समृद्धिमा पाप फैलाउनेछन् ।

झुटा अगमवक्ताहरूले मृत्युको सिद्धान्तहरू फैलाउनेछन् । *"दुष्ट मानिसहरू र ठगाहाहरू ठगेर र ठगिएर झन-झन दुष्ट हुँदै जानेछन्"* (२ तिमोथी ३:१३) । अहिले पनि विश्वास त्याग्ने मण्डलीभरि आत्मिक मृत्यु फैलिरहेको छ ।

तैपनि, सम्पूर्ण मृत्यु र विनाशको बीचमा हामीले यो भएको देख्छौं, प्रभुको अगमवाणी मेरो आत्मामा थर्किएको म सुन्छु । *"मेरो नदी उर्लन लागेको छ अनि मेरो नदी जहाँ गए पनि हरेक थोक जिउनेछ ।"*

तपाईंको घरको बारेमा के त ? के तपाईंको परिवारमा अन्योलता रहेको छ ? के तपाईंले प्रेम गर्नुभएकाहरूका बीचमा मृत्युको ताण्डव हेरिरहनुभएको छ ? के हरेक थोक तपाईंको निम्ति आशाहीन देखिएको छ ? हाम्रो आशिष् दिने परमप्रभुबाट आएको यो प्रतिज्ञामा टाँसिनुहोस्: तिनीहरू निको हुनेछन् र नदी जहाँ गए पनि हरेक थोक जिउनेछ ।

यो सबै परमप्रभुले कसरी पुरा गर्नुहुनेछ भनेर तपाईंलाई थाहा छैन । तर उहाँले नदी उर्लनेछ र त्यसले छुने सबैलाई जीवन ल्याउनेछ भनी उहाँले भन्नुहुन्छ भने हामीले उहाँमाथि विश्वास गर्नुपर्छ । निश्चित रूपमा उहाँले यो गर्न सक्नुहुन्छ ।

## केहीचाहिँ छोडिनेछन्

यो अचम्मको नदीबाट छोडिनेहरूका जागृति "नूनलाई दिइनेछ ।" "त्यसका सिमसार र दलदले ठाउँहरूका पानी त ताजा हुनेछैनन् तर ती नूनिला नै रहनेछन्" ( इजकिएल ४७:११) ।

इजकिएलले हिलो, फोहरले भरिएको र दलदले ठाउँहरूका बारेमा वर्णन गरिरहेका छन् । जब नदी यी सिमसारमाथि भएर बहन्छ, ती निको हुनेछैन ।

अन्त्यमा नदी यसबाट भएर पूर्णरूपमा बहनेछ, त्यसलाई यति सुख्खा बनाउँछ कि ती नूनमा परिणत हुनेछन् ।

पुरानो करारमा नूनचाहिँ विद्रोह र बाँझोपनाको चिन्ह हो । नूनिको सिमसारलाई इजकिएलले यहाँ वर्णन गर्छन्, जसले परमेश्वरका मानिसहरूको प्रतिनिधित्व गर्दछ, जसले गहिरो रूपमा महसुस गर्छन् तर परिवर्तन हुँदैनन् । यस्ता मानिसहरू पाप र मृत्युमाथि शोक गर्न सक्छन् तर तिनीहरूले उहाँको जीवन खोज्न परमेश्वरको वचन पालन गर्दैनन् । तिनीहरूले प्रतिज्ञाहरू र परिवर्तन हुने घोषणा गर्न सक्छन् तर तिनीहरूले त्यसलाई पछ्याउँदैनन् । यशैयाले यसलाई प्रतिध्वनि गर्छन्, जब तिनले लेखे, "दुष्टहरूचाहिँ छाल उठेको समुद्रझैं हुन्, जो शान्त हुन सक्दैन, जसको पानीले मैला र हिलो बाहिर फ्याँक्छ" (यशैया ५७:२०) ।

यी मानिसहरूले आफूलाई ख्रीष्टियान हुँ भनेर खुल्लमखुल्ला स्वीकार गर्छन् । अनि तिनस्हरू परमेश्वरलाई मन नपर्ने आरोपको साथमा भरिएका हुन्छन् । पवित्र आत्माले तिनीहरूका आत्माका गहिराइलाई नरम बनाउनुभएको छ र तिनीहरूलाई उत्साहित गर्नुहुन्छ । तर तिनीहरू परिवर्तन हुँदैनन् । तिनीहरू जीवनको नदीमा खढा भए तर तिनीहरूले आफ्नो भित्री मनुष्यत्वलाई त्यो छुने अनुमति दिएनन् ।

परिणामस्वरूप, येशूको जीवन तिनीहरूबाट बाहिर निस्कि आउँदैन । त्यसको साटो तिनीहरूका पेटबाट कुरा काट्ने, बकबा, झुट र बाङ्गा कुराहरूको निरन्तर बग्ने मुहान बग्दछ । त्यसको विपरीत, अरूमा परमेश्वरको कामको बारेमा भएका हरेक गुनासो र प्रश्न हुन्छ । तिनीहरूले जीवनलाई स्वीकार गर्छन् तर तिनीहरू फोहरमा लडिबुडी गर्छन् । तिनीहरू आत्मिक अनुकरण गर्ने मानिसहरू हुन्, जसले आफ्नो वरिपरि भएकाहरूका बीचमा मृत्यु फैलाउँछन् ।

पत्रुसको शब्दमा तिनीहरू "पानीबिनाका इनारहरू" बनेका छन् (२ पत्रुस २:१७) । इजकिएलअनुसार "ती नूनिला नै बनिरहनेछन् ।" योचाहिँ बाँझोपना, फलबिनाको जीवनमा तिनीहरू परिणत भएको, पूर्णरूपमा उपयोगहीन हुने श्राप हो । तैपनि अझै तिनीहरू आफ्नो विद्रोह, विनाशपूर्ण घमण्डले पूर्ण भएर स्थिर भएर खडा हुन्छन् ।

दूर्भाग्यपूर्ण रूपमा परमेश्वरले जीवनको आफ्नो नदी पूर्णरूपमा तिनीहरूका छेउबाट बग्न बङ्ग्याउनुहुनेछ । अन्त्यमा, ती अन्धा हुनेछन्, खतरामा संवेदनशील बन्छन्, तिनीहरूले आफैंलाई त्यसमा हाल्छन् । अनि पवित्र आत्मा तिनीहरूबाट निक्लनुहुनेछ, "शान्ति, शान्ति" भनेर कराउँदै तिनीहरू छलिएकै अवस्थामा छोडिनेछन् किनकि तिनीहरूका वरिपरि विनाश आएको छ ।

इजकिएल शङ्कालु भएका हुनुपर्छ किनकि उनले मृत्युका यी पोकाहरूको गवाही बनेका थिए । नदी बगेको सबै भागहरूमा जीवन

फुलेको देखे तर मृत्युका ती क्षेत्रहरू बाँझो र सुख्खाले सेतो भइरहेको थियो ।

ख्रीष्टका कुनै पनि चेलाहरू कसरी यस्ता अवस्थामा आउन सक्छ ? कसरी कुनै सेवक यसरी रित्तो, सुख्खा र उसलाई जीवन दिने नदीबाट अलग हुन सक्छ ? पत्रुसले व्याख्या गर्छन्:

*"विशेष गरी तिनीहरूलाई, जो अशुद्ध पार्ने कामवासनामा डुबिरहन्छन् र अधिकारको अवहेलना गर्छन् । यिनीहरू हठी र अहङ्कारी हुन्छन् र स्वर्गीय प्राणीहरूको निन्दा गर्न डर मान्दैनन्... फेरि पापमा फसेर त्यसको वशमा परे भने तिनीहरूको पछिल्लो अवस्था अगाडिको भन्दा अझ खराब हुन्छ... तिनीहरूलाई दिइएको पवित्र आज्ञा जानिकन पनि पछि हट्नुभन्दा"* (२ पत्रुस २:१०-२१) ।

यो वियोगको सबैभन्दा नराम्रो भागचाहिँ यी अधिकाङ्श सुख्खा इनारहरू एक पटक जिउँदो पानीको मूल थियो । एक समयमा तिनीहरूका जीवनले चङ्गाइ र आशिष् अगाडि सार्थ्यो । तर अब तिनीहरूले तीतोपना, घृणा र मृत्यु बाहिर निकाल्छ ।

नदी तपाईंको वरिपरि बहँदाको समयमा नै तपाईंले यसको हठीपनाले समातेको छ भने त्यसलाई आफूमा निरन्तर बढ्न नदिनुहोस् । परमेश्वरले तपाईंको पेटलाई उहाँको जिउँदो पानीले त्यसको साटो भर्नुभएको होस् । तपाईंले त्यो महसुस गर्नुहुन्न तर हाम्रो प्रभुको प्रकाशको बाढी आइरहेको हुन्छ । अनि त्यो कुनै पनि ताजापना प्रदान गर्न रोकिनेछैन ।

त्यसैले, के तपाईंले इजकिएललाई दिएएको दर्शनको महान्तालाई बुझ्नुहुन्छ ? पुरानो करारका अगमवक्ताहरूले यो देख्न सकेनन् । तर उहाँको पवित्र आत्माद्वारा परमेश्वरले उहाँको वृद्धि भइरहेको महान्ता हेर्न हामीलाई आँखा दिनुभएको छ । त्यसकारण तपाईं यहाँ हुनुहुन्छ: जीवनको नदी आइरहेको छ ।

---

## Wanted

We need people who are well-versed in English or Hindi or both with good operation skill in Computers. Place of work at the Head Office in Chennai. Monthly salary will be provided. Contact us.

- Editor


# NEHEMIAH BIBLE COLLEGES

**ECHO OF HIS CALL MINISTRIES** (ESTD.: 1969)

**Affiliated to Hindustan Bible Institute & College (HBI), Chennai**

&

**Recognised by the International Christian Leaders & Senior Pastors for the 50 Years! Hundreds of candidates benefitted!!**

**RESIDENTIAL COLLEGE, Velachery**
**(Medium: English & Hindi)**
Course : Diploma in Theology,
Qualification : 10th Standard
Period : One year (with field and administrative trainings)

Golden Opportunity!
Don't miss!!
God is Calling you!!!

**EVENING COLLEGE, Chepauk & Santhoshapuram**
**(Medium : Tamil)**
Course : Diploma in Theology
*Monday, Tuesday & Thursday 6.30 PM to 8.30 PM*
(Evening Classes - Chepauk)
Qualification : 10th Standard
Period : One year (with special Seminars on holidays)

**Pastor S. Sam Selva Raj, Founder-President**

**For more details & application forms please contact :**
NEHEMIAH BIBLE COLLEGES
10, Mohammed Abdullah 2nd Street, Bells Road, Opp. Cricket Stadium, Chepauk, Chennai - 600 005, India.
**Phone : (+91-44) 2852 8282, 2852 9293, 2854 7766, Cell No : (+91) 98410 71852, 95661 31858**
**E.mail : sam@echoofhiscall.org / biblecor@yahoo.co.in Websites : www.echoofhiscall.org / www.echoofhiscall.com**



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।**

**"गुँडलाई हल्लाएर आफ्ना बचेराहरूमाथि हावामा उडिरहने, पखेटा फैलाई बचेराहरूलाई थाम्ने र आफ्ना प्वाँखमाथि ती बोक्ने गरुडले झैं" (व्यवस्था ३२:११)।**

मेरो सेवकाइको यात्राको पहिलो दिनहरूको समयमा मैले व्यक्तिगत रूपमा विभिन्न प्रकारका समस्याहरू सामना गर्नुपरेको थियो। दियाबलसले मेरो जीवनमा आक्रमण गर्न मेरा परिस्थितिहरू, मित्रहरू, आफन्तहरू, आदिलाई प्रयोग गर्दै थियो। तर मेरा सम्पूर्ण कठिन अवस्थाहरूमा मैले आफ्नो जीवनमा परमेश्वरको हात देख्न सकेको थिएँ।

राजनैतिक र धार्मिक अवस्थाहरूका कारण चेन्नाइको सहरमा एउटा स्थानमा मैले आत्मिक क्रियाकलापहरू संचालन गर्न अनुमति पाएको थिइनँ किनकि म एक्लो व्यक्ति र आर्थिक रूपमा गरिब व्यक्तिको रूपमा पहिचान भएको थिएँ। मैले वर्णनै गर्न नसकिने धेरै दबाबहरू र समस्याहरूको सामना गर्नुपरेको थियो। एकातिर मैले सेवकाइमा अगाडि बढ्नुपरेको थियो र अर्कोतिर एउटा युवकको निम्ति समस्याहरू र कठिनाइहरू धेरै भएका थिए।

यो अवस्थामा, परमेश्वरले मेरो जीवनमा जे.आर. साउन्डाराराज नाम भएको वृद्ध व्यक्तिलाई ल्याउनुभयो। उहाँ अचम्मको, प्रेमिलो र वास्ता गर्ने व्यक्ति हुनुहुन्थ्यो। उहाँले कम्तीमा पनि दुई दिनको एक पटक मलाई भेट्ने, मसँग प्रार्थना गर्ने, मलाई परामर्श दिने, उत्साह दिने र मलाई सहायता गर्नुहुन्थ्यो। प्रभु र उहाँका छोराछोरीप्रति आफ्नो प्रेम र भक्तिलाई विचार गर्दै हरेक थोकको निम्ति म पूर्णरूपमा उहाँमाथि भर गरिरहेको थिएँ। उहाँले प्यारो पत्नी र छोराछोरीहरूका साथमा आशिषित परिवार मलाई दिनुभयो। मैले आफ्ना छोराछोरीलाई परमेश्वरलाई मन पर्दो तरिकामा हुर्काउन सकें। उहाँले आफैंलाई जीवित गवाही हुन प्रमाणित गर्नुभयो। उहाँको प्रेम र वास्ताको साथमा उहाँको सहयोगमा म अत्यन्तै खुसी थिएँ।

अचानक, उहाँ बिरामी हुनुभयो र प्रभुको साथमा हुन जानुभयो। म फेरि एक्लै छोडिएको थिएँ। त्यो समयमा मसँग कुनै वास्तविक साथीहरू थिएन। म धेरै दिनसम्म उहाँको निम्ति शोक गरिरहें।

एक दिन जब म ठूलो बोझको साथमा प्रार्थना गरिरहेको थिएँ, प्रभुले मलाई आफ्नो शक्तिले उत्साहित बनाउनुभयो र मलाई उचाल्नुभयो र उहाँमाथि कसरी हाम्रा सबै बोझहरू दिने भनेर सिकाउनुभयो (१ पत्रुस ५:७, फिलिप्पी ४:६,७, भजनसंग्रह ५५:२२)। मैले यो विषयमा विभिन्न समयमा प्रचार गरेको थिएँ तर मैले आफ्नै जीवनमा यो कुरा अभ्यास गर्न सकेको थिइनँ, जब आवश्यकता थियो।

त्यसैले एउटा पूरै दिन र रात प्रभुको अगाडि बस्ने समय मैले लिएँ र मेरा सम्पूर्ण बोझ उहाँमाथि कसरी राखिदिने भनेर मलाई सिकाउनुहोस् भनेर मैले उहाँलाई सोधें। मैले परमेश्वरलाई धन्यवाद दिएँ र प्रशंसा गरें, उहाँले मलाई विशेष शक्ति दिनुभयो, उहाँलाई मेरो असल मित्र, परामर्शदाता र प्रबन्धक हुन उहाँमाथि विश्वास गर्ने कुरा बताउनै नसक्ने र वर्णनै गर्न नसकिने छ। केही वर्षहरू बितेर गए तर त्यो विशेष दिनमा मैले प्राप्त गरेको आत्मिक शक्तिले आज पनि मेरो जीवनलाई नियन्त्रण गरिरहेको छ। त्यसलाई ठेस लाग्यो भने पनि त्यो लोट्दैन किनकि परमप्रभुले आफ्नो हातले समातेर त्यसलाई थाम्नुहुन्छ (भजनसंग्रह ३७:२४)। अब मेरो दैनिक जीवनमा आउने विभिन्न प्रकारका आँधी र छालहरूको म सामना गर्न सक्छु।

प्रिय मित्रहरू, तपाईंको जीवनमा भएको केही गुमाइको कारण के तपाईंले असुरक्षाको महसुस गर्नुभएको छ? के तपाईं आफ्नो वर्तमान अवस्थाको बारेमा चिन्ता गरिरहनुभएको छ? तपाईंका कदमहरू परमप्रभुले आज्ञा दिनुभएको छ भने उहाँले तपाईंका मार्गहरूमा आनन्द गर्न उहाँले तपाईंलाई सहायता गर्नुहुनेछ (भजनसंग्रह ३७:२३)।

---


## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स

## बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहृखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि;** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

## ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,000/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

बिस्तृत जानकारीको लागि: अध्यक्ष, नहेम्याह बाइबल कलेज

10, Mohammed Abdullah 2nd Street, Opp. Cricket Stadium,
Chepauk, Chennai - 600 005, India.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766, Cell : 98410 71852. 95661 31858**
**E-mail : biblecor@yahoo.co.in**

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/18-20 WPP NO. TN/PMG(CCR)/WPP-220/18-20

# ECHO OF HIS CALL

**Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.**

**Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministry** is supported by the free-will offerings and donations of the God's Children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us. Whenever you change your postal or e-mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our websites also. You can read it by going into the site as well as downloading it and get blessed.

Your letters, prayer requests and your financial helps (by D.D., Cheque, M.O. etc.) to **ECHO OF HIS CALL** may be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

## ECHO OF HIS CALL

10, Mohammed Abdullah 2nd Street, Chepauk,
Chennai - 600 005, India
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766,
Cell: (+91) 98410 71852, 95661 31858
E-mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.echoofhiscall.com

**YOU CAN SEND YOUR DONATIONS ON ONLINE ALSO**

## PLEASE PRAY FOR OUR MINISTRIES AT THE HEADQUARTERS

1. Prayer Service : 24 hours
2. **BIBLECOR -** Bible Correspondence Courses : English, Tamil & Hindi
3. **ECHO OF HIS CALL** - Monthly Magazines : English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikaans.
4. Nehemiah Bible Colleges (Two Centres)
5. Theological Correspondence Courses: English & Tamil
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools : 8.30 a.m. & 4.00 p.m. Sunday
13. **Tamil Services : 5.30 a.m. , 7.00 a.m. & 10.00 a.m. Sunday**
14. **Malayalam Service : 2.00 p.m. Sunday**
15. **Telugu Service : 4.00 p.m. Sunday**
16. **Hindi Service : 5.00 p.m. Sunday**
17. **English & Tamil Service : 6.00 p.m. Sunday**
18. Pastors' Counselling : 4.00 p.m. Sunday
19. Women's Prayer : 5.30 p.m. Wednesday
20. Mid-week Bible study : 6.30 p.m. Wednesday
21. Men's Prayer : 7.00 p.m. Friday
22. Workers' Meeting : 6.00 p.m. Saturday
23. House Meetings : 6.30 p.m. Monday & Tuesday
24. Special Holy Communion : 5.30 a.m. 1st day of each month
25. Ministers Review Meeting : 5.30 p.m. First Saturday
26. Parents' Prayer : 4.00 p.m. First Sunday
27. Night Prayer : 9.30 p.m. Second Friday
28. Fasting Prayer : 9:30 a.m. Third Saturday
29. Holy Communion : Second Sunday Services
30. Morning Devotion : 5.30 a.m. daily
31. Staff Devotion : 9.00 a.m. daily
32. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

**The details of our Bank Accounts are given below. Please inform us the details of your remittances.**

| Bank | Branch | Name | IFSC Code No. | Account Number |
|---|---|---|---|---|
| 1. STATE BANK OF INDIA | Triplicane, Chennai -5 | S. Sam Selva Raj | SBIN 0000249 | 102329 34679 |
| 2. ICICI BANK | Anna Salai, Chennai -2 | Echo of His Call | ICIC 0006038 | 6038 05022319 |

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/18-20**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/18-20**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 16th JUNE 2020**
**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from No.10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers** No. 10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**